# सहकार्यमा वधस्थल निर्माण वा सुधार कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)

अस्वस्थ र वधका लागि अनुपयुक्त पशुको वधलाई निरुत्साहित गर्दै उपभोक्ताहरूलाई स्वच्छ, स्वस्थ्य र गुणस्तरीय मासु तथा मासुजन्य पदार्थहरू उपलब्ध गराउनका लागि गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यबिधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी सहकार्यमा पशु वधस्थल निर्माण वा सुधार सम्बन्धी कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

**१. आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :**

**१.१ आवेदकको योग्यता :**

क) आवेदक समूह, समिति, सहकारी, स्थानीय तह, व्यवसायिक संघ/संगठन वा फर्म/कम्पनी हुनुपर्नेछ।

ख) स्थानीय तहबाट संचालन हुने वधस्थल निर्माण वा सुधार गर्ने कार्यक्रमलाई प्रथमिकता दिइनेछ।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) आवेदकले कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ग) वधस्थल संचालनका लागि आवेदकको आफ्नै वा एकाघरको परिवारको स्वामित्वमा भएको कम्तिमा ५ रोपनी जग्गा वा जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १५ वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

घ) सम्बन्धित स्थानीय तहको सरजमिन मुचुल्का सहितको सिफारिस पेश गर्नुपर्नेछ।

ङ) संचालकले स्वस्थकर मासु उत्पादन विधि पालना गर्न मन्जुर भएको प्रतिबद्धता पेश गर्नुपर्नेछ।

**२. प्रस्ताव छनौटको लागि मूल्याङ्कनका आधारहरु :**

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१** | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना, उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **२०** |
| **१.१** | **लागत** | **५** |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |
| **१.२** | **रोजगारी सृजना** | **५** |
| १.२.१ | ५ जना वा सो भन्दा बढी | ५ |

| | | |
|---|---|---|
| १.२.२ | ५ जना भन्दा कम | ३ |
| **१.३** | **बजारीकरण** | **१०** |
| १.३.१ | प्रति हप्ता कम्तिमा ५० खसीबोका वा ३० बंगुर वा १५ राँगो वा २००० कुखुराको वध गर्ने | १० |
| १.३.२ | प्रति हप्ता ५० खसीबोका वा ३० बंगुर वा १५ राँगो वा २००० कुखुरा भन्दा कमको वध गर्ने | ६ |
| २ | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | **१०** |
| २.१ | **पूर्वाधार** | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा बढी सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, वातावरणमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपाय अबलम्बन गरेको/गर्ने | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा वातावरणमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपाय अबलम्बन नगर्ने | ० |
| **३** | **आवेदकको अनुभव तथा क्षमता (स्थानीय तहको हकमा लागु नहुने)** | **१०** |
| ३.१ | २ वर्ष वा सो भन्दा बढी को अनुभव, आगामी वर्षहरुको संचालन खर्चको स्रोत सुनिश्चित भएको | १० |
| ३.२ | २ वर्ष भन्दा कमको अनुभव, आगामी वर्षहरुको संचालन खर्चको स्रोत सुनिश्चित नभएको | ६ |
| ४ | **लाभान्वित घरधुरी** | **५** |
| ४.१ | १० वा १० भन्दा बढी | ५ |
| ४.२ | १० भन्दा कम | ३ |
| **५** | **अपेक्षित नतिजा र दिगोपना** | **५** |
| **६** | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ६.१ | नलिएको | १० |
| ६.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | **६०** |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय :

ङ) लाभान्वित घरधुरी संख्या :

च) संचालन गरिने क्रियाकलापको विवरण :

| क.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| अ) | पुँजीगत कार्य | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

छ) आगामी वर्षहरुमा वधस्थललाई निरन्तर रुपमा संचालन गर्नको लागि आवश्यक हुने वित्तीय स्रोत के हो खुलाउने :

ज) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, साप्ताहिक वध हुने पशुपन्छी संख्या, रोजगारी सृजना, आदि):

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | साप्ताहिक वध हुने पशुपन्छी संख्या | | | | |
| | | | | | |
| | | | | | |
| इ) | रोजगारी सृजना | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

झ) बजारीकरण (वध गर्नका लागि पशुपन्छीको स्रोत के हो र उत्पादित मासुको विक्रिवितरण कसरी हुन्छ) बारे खुलाउने :

ञ) नयाँ सोच र व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

ट) वातावरणमा पर्न सक्ने नकारात्मक असरलाई के कसरी न्यूनीकरण गरिएको छ/गरिन्छ :

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. संचालन गर्न सकिने क्रियाकलापहरु :**

क) स्वीकृत बजेटको परिधि भित्र रही बुँदा न ५को खण्ड (क) देखी (ङ) सम्मका कार्यहरुको निर्माण वा सुधार गर्ने वा समाग्रीहरु खरिद गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

ख) कार्यालयले उपलब्ध गराएको वधस्थलको स्वरुप बमोजिमको डिजाइन तयार गरी मात्र भौतिक पूर्वाधारहरुको निर्माण/सुधार गर्नुपर्नेछ।

ग) पशु वधस्थल संचालन हुने जग्गा अन्य प्रयोजनका लागि उपयोग नगर्न कम्तिमा १५ वर्ष सम्म बिक्री रोक्का राख्नुपर्नेछ।

**५. न्यूनतम पूर्वाधार र शर्तहरु :** निर्माण/सुधार हुने पशु वधस्थलमा निम्न पूर्वाधारको व्यवस्था गर्न सकिनेछ ।

क) अनलोडिङ प्लेटफर्म, होल्डिङ यार्ड, ब्लिडिङ, डिस्किनिङ, चपिङ, फ्रिजिङको लागि प्रयाप्त ठाउँमा आवश्यक पूर्वाधारहरु सहितको पशु वधस्थल भवन भएको।

ख) वधस्थल भवनको भुईमा र भित्तामा कम्तिमा ६ फिटसम्म सेतो टायल भएको ।

ग) उपकरण औजारहरु जस्तैः ह्याङ्गर, हुक, टेबल, स्टनिङ डिभाइस, चपर, बोन स, डिप फ्रिज, आदिको व्यवस्था गरेको।

घ) पानीको लागि आवश्यक सम्पूर्ण पूर्वाधारहरु जस्तै ट्याँङ्की, पानी तान्ने मोटर, तातो र चिसो दुवै किसिमको पानीको लागि पाईप फिटिंग, आदिको व्यवस्था गरी स्वच्छ एवं यथेष्ट पानी उपलब्ध भएको।

ङ) ढल निकास तथा फोहोर मैला व्यवस्थापनका लागि पर्याप्त स्थानमा आवश्यक पूर्वाधारहरु जस्तै बायोग्यास प्लान्ट वा जैविक मल उत्पादन प्लान्ट, ट्वाइलेट, बाथरुम आदिको व्यवस्था रहेको।

च) बाटो, बिजुली र बजारको सुविधा भएको।